# प्रेस बिज्ञप्ति

मिति : २०८०/०३/०२

दुहबी नगरपालीकाले आृनो स्वामित्वमा रहेको साबिक दुहबी गा.वि.स. ६ ख कित्ता नं ३८ को १० कठ्ठा ४ धुर जग्गामा बनेका अबैद्य संरचना हटाउने ३५ दिने सुचना मिति २०८०/०१/२६ मा जारि गरेको समयावधी सकिए लगत्तै मिति २०८०/०३/०१ मा पुर्व प्रसारीत सुचनालाइ कार्यन्वयन गर्दै घर टहरा हटाउने कार्य गर्दै गर्दा सामाजिक सद्भाव खल्बल्याउने केहि तत्वहरुले पुर्वाग्राहि ढंगले, कपोकल्पित भ्रामक मतभेद शृजना गर्दै अराजक र हिँसात्मक गतिबिधि सञ्चालन गरेको साथै दुहबी ५ का अध्यक्ष रमेश रौनियार माथि साँघातिक हमला गरि कार्यालयका महत्वपुर्ण सामाग्री समेत तोडफोड गरेको प्रति दुहबी नगरपालीका घोर भत्सर्ना गर्दछ । प्लट खालीगर्ने क्रममा सोहि प्लटमा रहेको हिन्दु स्वयम सेवक र केशब छात्राबासको भवन, रामजानकी हनुमान मन्दिर हाल सम्म सुरक्षित रहेको र नगरपालिका उक्त भवनको संरक्षक समेत रहेको हुदा धार्मिक , सामजिक, संरचनाको संरक्षण र सम्बर्द्धन गर्ने नगरपालिकाको दायित्व समेत रहेकोले मिति २०८०/०२/२१ मा हिन्दु स्वयम् सेवक संघ, केशब छात्राबासका पदाधिकारि र नगरपालीकाबिच आपसी समझदारी भै दुहबी ५ मा रहेको हनुमान मन्दिर नजिकको ८ कठ्ठा जग्गामा सो भवन बनाउने भनि यहि आर्थिक वर्षको बजेट बाट रु २५ लाखको संझौता समेत भैसकेको हुदा केहि उत्छ्रुन्खल तत्वले देखाएको गतिबिधि समग्र नगरबासिको हित बिपरित रहेको दुहबी नगरपालीकाको ठहर छ । सम्पुर्ण जातजाती, भाषाभासि, धर्म, संस्कृति, रितिरिवाजको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मा नेपालको संबिधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ ले ब्यावस्था गरेको हुदा सोहिलाइ आधार मानी कार्यसम्पादन हुदै गएको छ । केही सञ्चार माध्यमले निकालेका भ्रामक र तथ्यहिन समाचार र बिकास बिरोधी तत्वहरुले फैलाएका अफवाहमा नलागी समग्र दुहबीको हित र समुन्नतिमा साथ दिन आग्रहसहित यो प्रेस बिज्ञप्ती जारि गरिएको छ ।

बिजय कुमार चौधरी

प्रबक्ता

दुहबी नगरपालीका सुनसरी, कोशी प्रदेश